## राष्ट्रिय गोष्ठी २०६५

# आर्थिक विकासको आधार :
# निजी र सार्वजनिक जब बन्छ साझेदार
## सारांश प्रस्तुति

**७ कार्तिक २०६५**

राजेन्द्र बहादुर श्रेष्ठ
सल्लाहकार
सार्वजनिक निजी साझेदारी राष्ट्रिय गोष्ठी

## सरकारको प्रतिवद्धता

- शान्ति प्रकृयालाई टुंगोमा पुऱ्याउनु, निर्धारित समयमा नयाँ संविधान निर्माण गर्नु र आर्थिक विकास अगाडि बढाउनु बर्तमान सरकारका मुख्य प्राथमिकता – सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"
- शान्ति बिना आर्थिक विकास असम्भव, आर्थिक विकास बिना दिगो शान्ति असम्भव
- सरकार शान्ति प्रकृया र आर्थिक विकासलाई संगसंगै अगाडि बढाउने पक्षमा
- सार्वजनिक-निजी साझेदारी सरकारको प्राथमिकता

## सरकारको प्रतिवद्धता .....

- आर्थिक विकासका लागि सार्वजनिक-निजी साझेदारी सबैभन्दा उपयुक्त मोडल
- नेपालमा आफ्नै मोडलको सार्वजनिक-निजी साझेदारीको अवधारणा कार्यान्वयन गर्ने सरकारको चाहना
- स्थानीय तहमा सार्वजनिक-निजी साझेदारीका माध्यमद्वारा यूएनडिपीको सहयोगमा विकास कार्यक्रम लागू भएका छन्
- केन्द्रिय तहमा यो अवधारणा कार्यान्वयन गर्ने सरकारको चाहना

## सरकारको प्रतिवद्धता .....

- जलविद्युत, पूर्व पश्चिम रेल्वे, फास्ट ट्र्याक लगायतका पूर्वाधार विकासका "मेगा प्रोजेक्ट" कार्यान्वयनका लागि यो अवधारणा कार्यान्वयन हुनु पर्ने प्रधानमन्त्रीको धारणा
- यो अवधारणा कार्यान्वयनका लागि विद्यमान प्रशासनिक र कानूनी झमेला अन्त्य गर्ने तयारी
- निजी क्षेत्रको जोखिम कम गर्न यो मोडेल निजी क्षेत्रका लागि सबैभन्दा प्रभावकारी
- पर्यटन पूर्वाधारमा साझेदारीका लागि सरकारद्वारा निजी क्षेत्रलाई आव्हान

## सरकारको प्रतिवद्धता .....

- कृषि क्षेत्रको विकासका लागि निजी क्षेत्रको सहभागिता बढाउन सयम सापेक्ष नीति, नियमावली र ऐनहरुमा सुधार
- कृषि क्षेत्रको व्यवसायिकरणका लागि "एक गाउँ एक उत्पादन"को अवधारणा
- शिक्षाको विकासका लागि सार्वजनिक-निजी साझेदारी आवश्यक
- नेपाललाई अन्तर्राष्ट्रियस्तरको शैक्षिक केन्द्रका रुपमा विकास गर्न पीपीपी आवश्यक

## सरकारको प्रतिवद्धता .....

- स्कुल क्षेत्र सुधार योजना अर्न्तगत सार्वजनिक-निजी साझेदारीलाई प्राथमिकता
- काठमाडौं-निजगढ फास्ट ट्र्याकको निर्माणकार्य सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार अघि बढी रहेको
- सार्वजनिक निजी साझेदारीको प्रमुख उदाहरण काठमाडौंको खानेपानीको व्यबस्थापनका लागि सरकार, उपत्यकाका नगरपालिकाहरु, निजी क्षेत्र, कम्पनीका कर्मचारीहरुको सहभागितामा सन्चालित काठमाडौं उपत्यका खानेपानी लिमिटेड रहेको छ

## सरकारको प्रतिवद्धता .....

- शहरी बिकास अन्तरगत ललितपुरको लुभुमा टाउन प्लानिङको काम भएको
- सार्वजनिक निजी साझेदारीबाट नयाँ प्रविधिको बिकास, गुणस्तरको ग्यारेन्टी र प्रविधि हस्तान्तरण हुने
- व्यवस्थापकीय क्षेत्रमा समेत सार्वजनिक निजी साझेदारीले थप क्षमता अभिबृद्धि गर्नेछ

## निजी क्षेत्रका सरोकार

- सार्वजनिक-निजी क्षेत्र साझेदारीलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न उच्चस्तरिय "पीपीपी सेल" आवश्यक – कुश कुमार जोशी, अध्यक्ष, नेउवामहासंघ
- सार्वजनिक-निजी साझेदारीका लागि एकीकृत नीति र दीर्घकालीन योजना आवश्यक
- लगानी प्रवर्द्धनमा सार्वजनिक-निजी साझेदारीको दायरा प्रष्ट पार्नु आवश्यक
- पूर्वाधार, औद्योगिक र सार्वजनिक क्षेत्रमा सरकार र निजी क्षेत्रको भूमिका स्पष्ट हुनु पर्ने

## निजी क्षेत्रका सरोकार ....

- सार्वजनिक-निजी साझेदारीबारे सबै सरोकारवालाहरू बीच अवधारणात्मक स्पष्टता आवश्यक
- विकासमा सरकारी प्रयासहरू मात्रै तुलनात्मक रुपमा सफल र दीगो बन्न सकेका छैनन्
- पीपीपी प्रति सरकारको प्रतिवद्धता – सकारात्मक तथा कार्यान्वयन, प्रभावकारी हुनु आवश्यक
- पर्यटन विकासका लागि नेपाल वायुसेवा निगमलाई पीपीपी अवधारणा अनुरुप सुधार गर्नु पर्ने

## निजी क्षेत्रका सरोकार ....

**पर्यटन विकासका लागि**

- Agro Tourism
- Sports Tourism
- Health Tourism
- Education tourism मा पीपीपी अवधारणा कार्यान्वयन आवश्यक

## निजी क्षेत्रका सरोकार ....

- शिक्षा क्षेत्रको विकासका लागि सरकारले पिपिपिको अवधारणा अनुरुप निजी क्षेत्र संग मिलेर स्पष्ट नीति तथा नियमावलीहरु अवलम्बन गर्न आवश्यक
- नेपाललाई अन्य मुलुकका विद्यार्थीहरुको समेत अध्ययन स्थल बनाउन सरकारले शिक्षालाई "एक्स्पोर्ट ईन्डष्ट्री" को रुपमा हेर्नु पर्ने
- वजेट मार्फत लागू गरेको ५ प्रतिशत शिक्षा करलाई अविभावकमा भार नपर्ने गरी सर्वमान्य तरिकाले लागू गर्नुपर्ने

## निजी क्षेत्रका सरोकार ....

- कृषि क्षेत्रमा निजी क्षेत्रको सहभागिता बढाउन सरकारले निजी क्षेत्रको लगानी बढाउन प्रोत्साहित गर्ने नीति लिनु पर्ने
- कृषिमा पिपिपिको अवधारणा लागू गर्न आवश्यक नीति तथा पुर्वाधारको विकासका लागि चाहिने तयारीका लागि निजी क्षेत्रसंग आवश्यक सल्लाह र सुझाव लिइनु पर्ने
- कृषिलाई औद्योगिक क्षेत्रसंग जोडि व्यवसायिकरण गर्नु पर्ने

## निजी क्षेत्रका सरोकार ....

- किसानको क्षमता अभिवृद्धिका लागि कृषि प्राविधिकहरु, कृषि औजारहरु तथा अन्य प्रविधिमा किसानका सहज पहुंच बढाउनु पर्ने
- पिपिपिको अवधारणाको सफल कार्यान्वयनका लागि निजी तथा सरकारी प्रतिनिधित्व हुने गरी एक संयन्त्र तयार गरिनु पर्ने
- सहकारीतामा आधारीत कृषिलाई अझ अगाडि बढाउन निजी क्षेत्रको भूमिका बढाउनु पर्ने

## निजी क्षेत्रका सरोकार ....

- पूर्वाधार क्षेत्रको विकासमा लगानीका लागि उपयुक्त ऐन, नियमको अभाव । जसले निजी क्षेत्रले ढुक्कका साथ लगानी गर्न नसकेको
- सार्वजनिक निजी साझेदारीको लागि छाता ऐन ल्याउन आवस्यक । सबै मन्त्रालयहरुमा सार्वजनिक निजी साझेदारीका लागि छुट्टै सेल स्थापना हुनपर्छ
- पूर्वाधार क्षेत्रमा लगानी अभिबृद्धिका लागि निश्चित अवधिसम्मका लागि करमा छुट दिनुपर्छ

## निजी क्षेत्रका सरोकार ....

- खारेजी गर्ने निर्णय भैसकेको नेशनल कन्स्ट्रक्सल कम्पनीलाई सार्वजनिक निजी साझेदारी अन्तरगत सञ्चालन गर्न सकिन्छ
- बुट नीति अन्तरगत आयोजना हस्तान्तरण गर्नै पर्ने वाध्यताको अन्त्य हुनु पर्ने । यो नीतिलाई हटाउनुपर्ने
- औषधी, भ्याक्सिन, जडिबुटी लगायतको उत्पादनका लागि सरकारले निजी क्षेत्रलाई जग्गा उपलब्ध गराउनु पर्ने

## निजी क्षेत्रका सरोकार ....

- हेल्थ क्लब, स्पा तथा उच्चस्तरी स्वास्थ्य सुविधाहरु उपलब्ध गराई मेडिकल टुरिजमको विकास गर्न सकिने
- औषधी लगायत स्वास्थ्य क्षेत्रमा प्रयोग हुने बस्तुको निर्यात बढाउन सकिने
- स्वास्थ्य क्षेत्रको मानव संसाधन विकास गर्ने
- सरकार र निजी क्षेत्रको साझेदारी दिगो रुपमा अगाडि बढाउन आवश्यक
- व्यवहारिक नीति मार्फत सरकारले सहयोगी भुमिका खेल्नु पर्ने

# धन्यवाद